# आप्रवासन, वातावरण र जलवायु परिवर्तन बीचको अन्तरसम्बन्ध र सम्बोधन विषयक काठमाडौं घोषणापत्र

## प्रस्तावना

- नेपाल सरकार, अन्तर्राष्ट्रिय संस्थाहरु, शिक्षाविद्हरु, बुद्धिजीवी समूहहरु, वैज्ञानिक समुदाय, डायस्पोरा एजेन्सीहरु, नागरिक समाज संस्थाहरु, निजी क्षेत्र, मिडिया र सम्बन्धित सरोकारवालाहरुका प्रतिनिधिहरु चैत ७, २०८१, जेठ १४, २०८२, असार ६, २०८२, भदौ ८, २०८२ र भदौ २०, २०८२ मा नेपालको काठमाडौँमा भेला भई **"आप्रवासन, वातावरण र जलवायु परिवर्तन बीचको अन्तर्सम्बन्ध र सम्बोधन विषयक काठमाडौं घोषणापत्र"** जारी गर्ने प्रयोजनको लागि पृथ्वी र मानवताको भविष्य रक्षा गर्ने सामूहिक जिम्मेवारीलाई पुनर्पुष्टि गर्दै;

- आप्रवासन, वातावरणीय ह्रास र जलवायु परिवर्तनबीचको जटिल अन्तरसम्बन्धलाई प्रस्ट्याउने प्रमाणहरू बढ्दै गएको स्वीकार गर्दै;

- जलवायु परिवर्तनले उत्पन्न गरेका विस्थापन र आप्रवासनले विकास, सुरक्षा र मानवअधिकारमा महत्वपूर्ण चुनौती खडा गर्ने कुरा पहिचान गर्दै;

- सुरक्षित, व्यवस्थित र नियमित हुन सकेको खण्डमा आप्रवासनले जलवायु परिवर्तन अनुकूलनको लागि सकारात्मक र सक्रिय रणनीतिको रुपमा काम गर्न सक्दछ र यसबाट दिगो विकासमा योगदान पुर्याउन सक्दछ भन्ने कुरा सुनिश्चित गर्दै;

- नेपालको संविधान (२०७२), आन्तरिक रुपमा विस्थापित व्यक्तिहरु सम्बन्धी नीति (२०६३), राष्ट्रिय अनुकूलन योजना (सन् २०२१-२०५०), राष्ट्रिय जलवायु परिवर्तन नीति (२०७६), १६ औं आवधिक योजना (२०८१/८२-२०८५/८६), विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनमा लैङ्गिक समानता, अपाङ्गता र सामाजिक समावेशीकरणको लागि रणनीतिक कार्ययोजना (GEDSI Action Plan) (२०८१) र नेपालको राष्ट्रिय रुपमा निर्धारित योगदान (NDC) ३.० लगायत राष्ट्रिय रूपरेखाहरुद्वारा निर्देशित हुदै;

- जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसंघीय रुपरेखा अभिसन्धि (UNFCCC) अन्तर्गत हुने सम्मेलनमा पारित अघिल्ला दीर्घकालीन सहकार्यात्मक निर्णयहरु जसले राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय स्तरमा जलवायु परिवर्तनसँग सम्बन्धित विस्थापन, आप्रवासन र योजनाबद्ध स्थानान्तरणमा बृद्धि, समझदारी, समन्वय र सहयोगको लागि आह्वान गर्दछ–, लाई सस्मरण गर्दै;

- पेरिस सम्झौताले जलवायु परिवर्तनलाई मानव जातिको साझा चिन्ता मानेको, अनुकूलनलाई सबै स्तरमा हुने विश्वव्यापी चुनौतीका रुपमा जोड दिएको, र जलवायु प्रभावप्रति सबैभन्दा संवेदनशील विकासशील देशहरुको तात्कालिक र आपत्कालीन आवश्यकतालाई रेखाङ्कित गरेको कुरा स्मरण गर्दै;

- जलवायु परिवर्तनको प्रतिकूल प्रभावका कारण हुने विस्थापनलाई रोक्ने, न्यूनीकरण गर्ने र सम्बोधन गर्ने एकीकृत

दृष्टिकोणहरूलाई प्रवर्द्धन गरी जलवायु परिवर्तनका प्रभावसँग सम्बन्धित हानि र क्षतिको लागि वार्सा अन्तर्राष्ट्रिय संयन्त्रको कार्यकारी समितिले गरेका सिफारिसहरु र खासगरी विस्थापन सम्बन्धी कार्यदलको प्रतिवेदन (FCCC/CP/2018/10/Add.1) लाई मध्यनजर गर्दै;

- जलवायुसगँ सम्बन्धित जोखिमहरू –जस्तै बाढी, खडेरी, पहिरो, र हिमताल विस्फोट-बाढी र थर्मोकार्स्ट बाढी, मरूभूमिकरण, बढ्दो तापक्रम, जैविक विविधताको क्षति, मानव-वन्यजन्तु द्वन्द्व, पानी मुहानको क्षति र द्रुतगतिमा घट्दो माटोको ओसिलोपन जस्ता क्रमशः विकसित हुने प्रक्रियाहरूले समुदायहरूको अस्थायी र स्थायी विस्थापनलाई बढ्दो रूपमा प्रभावित पारिरहेको तथ्यलाई मध्यनजर गर्दै;

- मानव गतिशीलताले पनि अनियन्त्रित भूमिप्रयोग, डढेलो, बनफँडानी र बढ्दो मानव-वन्यजन्तु द्वन्द्व, खासगरी पुनर्वास वा उच्च आप्रवासनका क्षेत्रहरूमा वातावरणीय दबाबहरू पुर्याउन सक्दछ भन्ने तथ्यलाई महशुस गर्दै;

- यी वातावरणीय तनावहरूले गरिबी, लैङ्गिक असमानता, सीमान्तीकरण, स्रोतहरूमा पहुंचको अभाव जस्ता पहिले नै विद्यमान सामाजिक, आर्थिक, सांस्कृतिक र राजनीतिक संवेदनशीलतासँग अन्तरक्रिया गरी जटिल र अन्तरसम्बद्ध प्रभावहरू सिर्जना गर्छन् भन्ने कुरामा चिन्तित हुंदै;

- नेपाली समुदायहरूले अवलम्बन गर्ने उपायहरूमा आप्रवासन, जीविकोपार्जन विविधीकरण, सघन खेतीपाती र एकीकृत पानी व्यवस्थापन पर्दछन् र ती मध्ये आप्रवासन भने प्रायः स्वैच्छिक हुंदैन र बिग्रँदै गएको जीवनस्तर, प्राकृतिक स्रोतसाधनको क्षति, वातावरणीय ह्रास, जीविकोपार्जन र आधारभूत सेवाहरूमा पहुँचको कमीको परिणाम हुन सक्दछ;

- यस्तो विस्थापनको परिणामहरू - जसमा वातावरणीय ह्रास, अव्यवस्थित शहरीकरण, अत्यधिक चाप परेको पूर्वाधार, कमजोर र सीमान्तकृत जनसंख्याको लागि बढ्दो जोखिम; साथै सामाजिक पूँजी कमजोर भईरहँदा भई संवेदनशील समूहहरू झन् बढी संवेदनशील बन्नु प्रति चिन्तित हुंदै;

- नेपालका नीतिगत प्रावधानहरूले ऐतिहासिक रूपमा आप्रवासन, जलवायु परिवर्तन र वातावरणीय ह्रासलाई अलग-अलग रूपमा व्यवहार गर्दै आएको, जसका कारण गतिविधिहरूको प्रभावकारिता सीमित बनाएको; तसर्थ अनुसन्धानलाई नीतिमा राम्ररी रूपान्तरण गर्दै र क्षेत्रगत रूपरेखाहरूबीचको अन्तरसम्बन्धलाई सुदढ पार्दै जलवायु, विकास, आप्रवासन र विपद् जोखिम व्यवस्थापनमा सुसंगति ल्याउन तत्कालै आवश्यक रहेको तथ्यलाई पुनर्पुष्टि गर्दै;

- राष्ट्रिय अनुकूलन योजना (सन् २०२१-२०५०), नेपालको राष्ट्रिय रूपमा निर्धारित योगदान (NDC) ३.०, राष्ट्रिय श्रम आप्रवासन नीति (२०८२) र राष्ट्रिय जनसंख्या नीति (२०८२) जस्ता राष्ट्रिय नीति, रणनीति र योजनाहरु अन्तर्गत जलवायु गतिशीलतालाई एकीकृत गर्न उदीयमान नीतिगत सुसंगतता र हालसालै गरिएका प्रयासहरूलाई स्वागत गदै ;

- जोखिममा रहेका समुदायहरूको उत्थान गर्न सगरमाथा संवाद आह्वान (सन् २०८२) दोहोर्याउँदै;

- नेपालमा जलवायु परिवर्तन, वातावरणीय ह्रास र मानव गतिशीलताको चौबाटोमा बढ्दो चुनौती र अवसरहरूलाई सम्बोधन गर्न जन-केन्द्रित, लैङ्गिक-उत्तरदायी, मानवअधिकारमा आधारित, र समावेशी दृष्टिकोण र हरित तथा उत्थानशील प्रविधिहरु अपनाउन प्रतिबद्ध भई विस्थापनलाई रोक्ने, न्यूनीकरण गर्ने र सम्बोधन गर्ने प्रयासहरूलाई प्राथमिकता दिँदै, सबैका लागि समान अवसरहरूको सुनिश्चित गर्न, र प्रभावित जनसंख्याको लागि सम्मानजनक जीवनको अधिकारलाई प्राथमिकता दिदैं;

निम्न उद्देश्य, सिद्धान्त तथा कार्यहरु प्रति प्रतिबद्धता जाहेर गर्दछौं:

## उद्देश्य

यस घोषणापत्रको उद्देश्य सरकार, समुदाय, शैक्षिक क्षेत्र, गैर-सरकारी तथा निजि क्षेत्र लगायतका सरोकारवालाहरु र साझेदारहरूलाई जलवायु तथा वातावरणीय परिवर्तनको सन्दर्भमा अधिकारमा आधारित र जनकेन्द्रित आवागमन सुनिश्चित गर्न सक्रिय, समावेशी र सामुहिक राष्ट्रिय दृष्टिकोण मार्फत मार्गदर्शन गर्नु हो । यसले जलवायु परिवर्तन, वातावरणीय ह्रास र विपद्हरूबाट हुने मानव गतिशीलताका प्रभावहरूको तयारी र समाधानको महत्वलाई जोड दिँदै, ती समस्याहरूलाई राष्ट्रिय स्तरमा सम्बोधन गर्न यी आवश्यक प्रमुख सिद्धान्तहरु र कार्यक्षेत्रलाई प्रस्तुत गर्दछ ।

## सिद्धान्तहरु

यो घोषणापत्र आन्तरिक रूपमा विस्थापित व्यक्तिहरु सम्बन्धी राष्ट्रिय नीति (२०६३), राष्ट्रिय अनुकूलन योजना (सन् २०२१-२०५०), राष्ट्रिय जलवायु परिवर्तन नीति (२०७६), र सोह्रौं आवधिक योजना (२०८१/८२-२०८५/८६) र राष्ट्रिय रूपमा निर्धारित योगदान ३.० मा उल्लिखित हाम्रा राष्ट्रिय मूल्यहरूद्वारा निर्देशित छ – जस अन्तर्गत खासगरी जलवायु र विपद्-गतिशीलता सम्बन्धी सर्वसम्मत सिद्धान्तहरूमा जोड रहकोछ । यस्मा निम्न कुराहरू समावेश छन्:

### ■ मानव अधिकार र मर्यादा

वातावरणीय ह्रास र जलवायु परिवर्तनबाट प्रभावित सबै आप्रवासी, विस्थापित व्यक्तिहरु र समुदायहरूको अधिकार, मर्यादा र कल्याणको प्रवर्द्धन तथा संरक्षण गर्ने ।

### ■ लैङ्गिक समानता, अपाङ्गता र सामाजिक समावेशीकरण (GEDSI)

सबै नीतिहरु र गतिविधिहरु समावेशी र समान छन् भनी सुनिश्चित गर्ने । महिला, अपाङ्गता भएका व्यक्तिहरु, ज्येष्ठ नागरिकहरु, सीमान्तकृत समूहहरु र अन्य जोखिममा परेका जनसंख्याको विशिष्ट आवश्यकता र अधिकारलाई सम्बोधन गरी निर्णय प्रक्रियामा निजहरूको पूर्ण सहभागिताको प्रवर्द्धन गर्ने ।

### ■ एकीकरण र समन्वय

बसोबास, वातावरण र जलवायु परिवर्तन सम्बन्धी राष्ट्रिय, उप-राष्ट्रिय, क्षेत्रीय र विश्वव्यापी नीति संरचनाहरू, विकास रणनीति र जलवायु सम्बन्धी कार्यहरूलाई एकीकरण र समन्वय गर्ने ।

### ■ बहु-सरोकारवाला सहकार्य

सबै तहका सरकारहरु, नागरिक समाज, अन्तर्राष्ट्रिय संघ/संस्थाहरु, निजी क्षेत्र र प्रभावित समुदायहरूबीचको सहकार्यलाई बढावा दिने ।

## रणनीतिहरू

उल्लेखित सिद्धान्तहरूलाई कार्यान्वयन गर्न देहायका रणनीतिहरू अवलम्बन गरिनेछ ।

### ■ रोकथाम र तयारी

नेपालको विविध भौगोलिक अवस्थाअनुसार स्थानीय विशेषतासँग मेल खाने गरी कार्यहरु तयार पार्दै, उत्थानशील क्षमता बढाउने, संवेदनशीलता मूल्याङ्कन गरी घटाउने, र प्रतिकूल जलवायु तथा वातावरणीय कारणहरूलाई सम्बोधन गरेर विस्थापन रोक्ने कार्यहरूलाई प्राथमिकता दिने ।

### ■ सुरक्षित र नियमित आप्रवासन मार्गहरू

वातावरणीय र जलवायु परिवर्तनका प्रभावहरूको अनुकूलन रणनीतिको रूपमा सुरक्षित, नियमित र उत्थानशील आप्रवासनलाई विकास गर्दै, नियमित आप्रवासनका मार्गहरूको उपलब्धता र लचकता बढाउन समर्थन गर्ने ।

### ■ विस्थापित व्यक्तिहरूको लागि संरक्षण र समाधान

लिङ्ग, उमेर, अपाङ्गता र अन्तर्निहित जोखिमहरूलाई दृष्टिगत गरी विस्थापित वा विस्थापनको जोखिममा रहेकाहरूका लागि सहयोग, संरक्षण र दिगो समाधानहरूको सुनिश्चितता गर्ने ।

## दृष्टिकोणहरु (Approaches)

### ■ प्रमाण-आधारित दृष्टिकोण

विस्थापन प्रवृत्ति, लैंगिक आयाम र जीविकोपार्जनमा पर्ने प्रभावहरु ध्यान दिँदै नीति तर्जुमा र गतिविधिहरु गरी अनुसन्धान, तथ्याङ्क भण्डारण र प्रचार-प्रसारको प्रवर्द्धन गर्ने।

### ■ वर्गगत तथ्याङ्क सङ्कलन

समावेशी, लक्षित र प्रभावकारी नीति र कार्यक्रमहरूको तर्जुमा गरी लिङ्ग, उमेर, अपाङ्गता, स्थान र अन्य सान्दर्भिक विशेषताहरु समेत समावेश हुनेगरी वर्गगत तथ्याङ्कको व्यवस्थित सङ्कलन र विश्लेषणलाई प्रोत्साहन गर्ने ।

### ■ मौलिक ज्ञान र प्रविधिहरू

नेपालका विविध पारिस्थितिक क्षेत्रहरूमा स्थानीय अनुकूलन, प्राकृतिक स्रोत व्यवस्थापन र सामुदायिक उत्थानशीलता (community resilience) मा ऐतिहासिक रूपले योगदान पुर्याएका मौलिक ज्ञान (indigenious knowledge) र अभ्यासहरु, र समुदाय-नेतृत्वका दृष्टिकोणहरूलाई पुनर्जीवित गर्ने, संरक्षण तथा मापन गर्ने । साथै, त्यस्को प्रभावकारिता र स्तरवृद्धि गर्न आधुनिक ज्ञान र प्रविधिहरूले परिपूर्ण पार्ने ।

■ **न्यायपूर्ण, समतामूलक र समावेशी दृष्टिकोण**

सामाजिक-आर्थिक जोखिम र असमानताहरु विद्धमान रहेका समाजमा समग्रता तथा समावेशी दृष्टिकोणलाई प्रवर्द्धन गर्ने । यसद्धारा जलवायु वित्त र स्रोतहरुमा समतामूलक पहुँचको सुनिश्चितता गर्ने । र, जलवायु गतिशीलताका चुनौतीहरुलाई प्रभावकारी रुपमा सम्बोधन गर्न क्षेत्रहरु, सरकारका तहहरु र सरोकारवाला समूहहरुबीचमा समन्वित प्रयास गर्ने– त्यस्ता कार्यहरूलाई बढावा दिने ।

## कार्ययोजनाका मुख्य क्षेत्रहरु

निम्न मुख्य क्षेत्रहरुमा विभिन्न राष्ट्रिय सरोकारवालाहरुसँग बृहत छलफल र परामर्श गरी मुख्य क्षेत्रहरु पहिचान गरिएका जलवायु गतिशीलतामा सहकार्यका लागि प्राथमिकताहरु प्रतिबिम्बित गरिनेछ । साथसाथै, यस अन्तर्गत हामी निम्नानुसार काम गर्न प्रतिबद्ध छौं :

### १. राष्ट्रिय रूपमा जलवायु गतिशीलताको सुशासनमा सुधार गर्ने

- आप्रवासन, विस्थापन र योजनाबद्ध स्थानान्तरण सहित जलवायु गतिशीलतालाई केन्द्रिय, प्रादेशिक र स्थानीय स्तरहरुमा सान्दर्भिक नीति र ढाँचाहरुमा एकीकृत गर्ने–जस अन्तर्गत राष्ट्रिय अनुकूलन योजनाहरु र राष्ट्रिय रुपमा निर्धारित योगदानहरु, विपद् जोखिम न्यूनीकरण रणनीतिहरु र विकास योजनाहरु समावेश हुनेछन्।

- क्षेत्रीय र अन्तर-क्षेत्रीय नीति ढाँचाहरुमा अन्तरसम्बन्धहरुलाई पहिचान र सञ्चालन गर्दै, उपयुक्त भएसम्म जलवायु गतिशीलतालाई सम्बोधन गर्ने नीतिहरु, ढाँचा वा रणनीतिहरुको विकासतर्फ प्रगतिशील रुपमा काम गर्ने ।

### २. मानिसहरूलाई आफ्नै बास स्थानमा रहने व्यवस्था मिलाउन उत्थानशीलता बढाउने

- मानव गतिशीलता र जलवायु परिवर्तनका प्रतिकूल प्रभावहरु, त्यसबाट मानसिक स्वास्थ्यमा पार्ने असरहरु र सम्बन्धित जोखिमहरुको नक्साङ्कन, सो सम्बन्धी बुझाइ, सञ्चार र व्यवस्थापनमा सुधार गर्न केन्द्रिय, प्रादेशिक र स्थानीय सरकारहरुबीच अनुसन्धान, तथ्याङ्क सङ्कलन, जोखिम विश्लेषण, र अन्तरक्रियात्मक जानकारी-साझेदारी संयन्त्रहरु स्थापना गर्ने ।

- गरिब, सीमान्तकृत र जोखिममा रहेका समुदायहरुमा केन्द्रित सामुदायिक उत्थानशीलता बढाउन र जलवायु गतिशीलताका चालकहरुलाई सम्बोधन गर्न वित्तीय सुरक्षा जाल, अनुकूलनीय सामाजिक सुरक्षा प्रणाली, द्वन्द्व संवेदनशील अनुकूलन-योजना, पूर्वतयारी र प्रारम्भिक कार्यहरु, जीविकोपार्जन विविधीकरणका पहलहरु र जलवायु-उत्थानशीलता (climate-resilient) सम्बन्धी पूर्वाधारहरूको प्रवर्द्धन गर्ने ।

- जलवायु-मैत्री कृषि अभ्यासहरु, जसमा खडेरी-प्रतिरोधी बालीहरु, सुधारिएका सिँचाइ विधिहरु, र कृषि-पारिस्थितिक दृष्टिकोणहरुका साथै विपद्-प्रतिरोधी, समुदाय-संचालित यातायात प्रणालीहरु जस्तै सामान ढुवानी गर्ने रोपवेहरु प्रवर्द्धन गर्ने – जस्ले गर्दा नाशवान कृषि उत्पादनहरुको लागि वर्षभरि नै बजार पहुँच सुनिश्चित गर्न सकिओस् र त्यसबाट ग्रामीण जीविकोपार्जनलाई दिगो बनाउने, खाद्य सुरक्षा बढाउने र आप्रवासनको दबाब न्यून गर्न सकिओस् ।

## ३. आप्रवासनलाई अनुकूलन रणनीतिहरू मध्ये एकको रूपमा लिनका लागि अवसरहरू सिर्जना गर्ने

- नियमित आप्रवासन मार्गहरूको अवसरहरु बढाई जलवायु र वातावरणीय परिवर्तनको सन्दर्भमा मानिसहरूको व्यवस्थित, सुरक्षित, नियमित र जिम्मेवार आप्रवासन र गतिशीलतालाई समर्थन गर्ने संयन्त्रहरूको विकास गर्ने –यस्मा श्रम गतिशीलता समेत समावेश हुनेछ ।

- आप्रवासी, विस्थापित व्यक्तिहरु र आश्रयदायी समुदायहरूबीचको तनाव रोक्न र न्यून गर्न, स्रोतहरूमा समान पहुँच सुनिश्चित गर्न र सामाजिक एकता प्रवर्द्धन गर्न सबै जलवायु गतिशीलता गतिविधिहरूमा द्वन्द्व-संवेदनशील 'लेन्स' प्रयोग गर्ने ।

- समावेशी, अधिकार-आधारित नीतिहरु र सम्भवभएसम्म नियमित मार्गहरु प्रवर्द्धन गरी आधारभूत सेवाहरु, कानुनी सुरक्षा, र सामाजिक समावेशीकरणमा पहुँच गर्ने अवरोधहरु र कागजातबिहीन आप्रवासीहरूले सामना गर्ने विशिष्ट चुनौतीहरूलाई पहिचान गर्ने र तिनीहरको सम्बोधन गर्ने ।

- न्यून कार्बन अर्थतन्त्रका आर्थिक संक्रमणबाट उत्पन्न हुने विश्वव्यापी श्रम प्रवृत्तिहरूलाई सम्बोधन गर्ने र भविष्यको श्रमबजार आवश्यकताहरूसँग सुहाउँदो सीप विकास गर्ने र सो सम्बन्धी व्यावसायिक तालिमको प्रवर्द्धन गर्ने ।

- केन्द्रिय, प्रादेशिक र स्थानीय स्तरमा जलवायु सम्बन्धी कार्यमा डायस्पोराहरको योगदानलाई प्राप्त गर्न संयन्त्रहरु स्थापना गर्ने –जस अन्तर्गत डायस्पोराहरूलाई निजहरूको आवश्यकता र चासो बुझी उपयुक्त वातावरण सिर्जना गरी निजहरूलाई समेत संलग्न गराउने व्यापक रणनीतिक दृष्टिकोण अबलम्वन गर्ने ।

## ४. जलवायु र वातावरणीय कारकहरूको कारणले बसाई सर्ने मानिसहरूको लागि समाधान खोज्ने

- जलवायु परिवर्तन र विपद्हरूको सन्दर्भमा विस्थापनलाई रोक्न, न्यूनीकरण गर्न र सम्बोधन गर्न आवश्यक कार्य गर्ने –जस अन्तर्गत भरपर्दो पूर्वानुमान र पूर्वचेतावनी प्रणालीहरु, र बीमा योजनाहरु जस्ता उपयुक्त जोखिम हस्तान्तरण संयन्त्रहरूमा आधारित सम्यक पूर्वानुमान कार्य र आपत्‌कालीन तयारीमा लगानी गरी मानिसहरूलाई सबै दृष्टिकोणहरूको केन्द्रमा राख्दै कार्यहरु गर्ने । जलवायुसगँ सम्बन्धित विपद्हरूको सन्दर्भमा पूर्वानुमानात्मक कार्य संयन्त्रहरु कार्यान्वयन गर्न विपद् संवेदनशील सामाजिक सुरक्षा (SRSP) र राहत मापदण्ड (२०८१) मा भएका प्रावधानहरूको लाभ उठाउन लगाउने र स्थानीय सरकारहरूसँग घनिष्ठ समन्वय राखी यथासमयमै समावेशी प्रतिकार्य (inclusive response) गर्ने – सो को सुनिश्चितता गर्ने ।

- वातावरणीय र जलवायु विपद्को समयमा र पछि विस्थापित जनसंख्यालाई सहयोग गर्न संयन्त्रहरु स्थापना गर्ने– जसअन्तर्गत विपद् विस्थापित व्यक्तिहरूका लागि सिद्धान्ततः मानवीय प्रतिकार्य (humanitarian response) गर्ने र सो को सुरक्षा सुनिश्चित गर्ने, र जलवायु-सम्बन्धी विस्थापनको प्रतिकार्य सुनिश्चित गर्न मानवीय प्रतिकार्य योजना र कार्यक्रममा जलवायु जोखिमहरु एकीकृत गर्ने– जस्मा सुविधा प्रदान गर्ने समेत समावेश हुनेछ । दिगो विकास सुनिश्चित गर्न र समुदायहरूलाई समावेशी र उत्थानशील बनाउन बढावा दिन मानवाधिकारको समर्थन गर्ने । फिर्ती-आप्रवासनका लागि पुनर्एकीकरण, समुदाय पुनर्निर्माण, स्वैच्छिक स्थानान्तरण, र योजनाबद्ध पुनर्वासका पहलहरूलाई समर्थन गर्ने। न्यून-कार्बन विकास लक्ष्यहरूसँग तादातम्य मिलाई हरित उद्यमशीलता, पारिस्थितिक पुनर्स्थापना, र ग्रामीण आर्थिक पुनरूत्थानको लागि सम्भावित अवसरको रूपमा फिर्ती-आप्रवासनलाई प्रवर्द्धन गर्ने र त्यसरी फर्केका आप्रवासीहरूलाई स्थानीय लचकता/अनुकुलता (local resilience)सँग जोड्ने ।

- मानसिक स्वास्थ्य र मनोसामाजिक सेवाहरूलाई तयारी, प्रतिकार्य, र पुनर्एकीकरण योजनाहरूमा एकीकृत गर्ने ताकि विस्थापित व्यक्तिहरूलाई विपद्, दीर्घकालीन तनाव र सामाजिक विस्थापनको सामना गर्न मद्दत पुग्न सकोस् ।

## ५. स्रोत परिचालन र जिम्मेवारीहरू बाँडफाँड गर्ने

- आन्तरिक र अन्तर्राष्ट्रिय जलवायु वित्त, विपद् व्यवस्थापन कोष र अन्य विकास कोष परिचालन गर्न रणनीतिहरूको विकास गर्ने। साथै, जलवायु गतिशीलता सम्बन्धी गतिविधिहरूलाई सहयोग गर्न सार्वजनिक-निजी साझेदारीलाई प्राथमिकता दिने ।
- पारिस्थितिक प्रणालीमा संलग्न सबै अभियन्ताहरु– युवा, समुदाय, सरकार र विश्वव्यापी सरोकारवालाहरूको भूमिका र जिम्मेवारीहरु बाँडफाँड गर्ने ।

## ६. संगठित जवाफदेहिता र न्यायपूर्ण संक्रमणलाई प्रवर्द्धन गर्ने

- मानवाधिकार, विशेषगरी स्वास्थ्य, खाना, स्वच्छ पिउने पानी, आवास र जीवनको अधिकारमा नकारात्मक प्रभाव पार्ने र जलवायु परिवर्तनमा योगदान पुर्‍याउने व्यवसाय/कम्पनीहरूलाई जवाफदेही बनाउने । निजहरूको कार्यबाट मानवाधिकारमा पर्ने प्रभावहरु पहिचान गराई रोक्न, न्यूनीकरण गर्न र लेखाजोखा गर्न तथा मानवाधिकार ड्यु-डिलिजेन्स (HRDD) गर्न संयुक्त राष्ट्रसंघको व्यापार र मानवाधिकार सम्बन्धी निर्देशक सिद्धान्तहरु र न्यायपूर्ण संक्रमणका सिद्धान्तहरु अनुरूप, जलवायु-सम्बन्धी हानि-क्षतिहरूको मूल्याङ्कन, खुलासा र नयूनीकरण गर्न प्रोत्साहित गर्ने ।
- उद्योगहरु न्यून-कार्बन अर्थतन्त्रतर्फ विकशित हुदै जाँदा, श्रमिकहरूको अधिकारको रक्षा गर्ने । आदिवासी, जनजाति र प्रभावित समुदायहरूलाई अर्थपूर्ण रूपमा संलग्न गराउने र जलवायु कार्ययोजनाका फाइदाहरूमा निजहरूको समान पहुँच सुनिश्चित गर्ने ।

## ७. प्रदूषणकर्ताले तिर्नुपर्ने सिद्धान्त अबलम्बन गर्ने

- हरितगृह ग्यास उत्सर्जनका लागि सबैभन्दा बढी जिम्मेवार व्यक्तिहरु –विशेषगरी विस्थापन र आप्रवासन गराउने प्रदूषकहरूबाट परिणामतः जलवायु प्रभावहरूको आर्थिक भार वहन गर्ने कुरा सुनिश्चित गर्न प्रदूषकहरूले नै त्यसको मूल्य चुकाउनु पर्ने सिद्धान्तको प्रभावकारी प्रयोगलाई प्रवर्द्धन गर्ने ।
- क्षतिपूर्ति, नोक्सान तथा क्षति वित्तपोषणका लागि प्रभावित समुदाय र विस्थापित जनसंख्यालाई समर्थन गर्ने दायित्व सम्बन्धी ढाँचा-संयन्त्रहरूको स्थापना गर्ने र सो को लागि वकालत गर्ने ।
- जलवायु गतिशीलता-आवश्यकता र प्राथमिकताहरूसँग स्पष्ट सम्बन्ध रहने जलवायु वित्त, नोक्सान र क्षति संयन्त्रहरूमा पारदर्शिता र जवाफदेहिताको सुनिश्चित गर्ने ।

## ८. अनुसन्धान र क्षमता अभिवृद्धि सुदृढ गर्ने

- बलियो विधि-प्रक्रिया र सूचकहरूको विकासको माध्यमबाट, बहु-अनुशासनात्मक अनुसन्धान र अनुसन्धान संस्थाहरु, समुदायहरु र नीति निर्माताहरूबीच साझेदारीमा जोड दिई जलवायु गतिशीलताका प्रवृत्तिहरु, त्यसका चालकहरु, ढाँचाहरु र प्रभावहरूको अनुगमन, र विश्लेषण गर्न राष्ट्रिय र स्थानीय क्षमता अभिवृद्धि सुदृढ गर्ने ।
- जलवायु गतिशीलतासँग सम्बन्धित कार्यहरूको कार्यान्वयन, मूल्याङ्कन, र प्रमाणमा आधारित नीति निर्माण गरी सुधार गर्ने - विशेषगरी सरकार, शिक्षाविद् र नागरिक समाजमा प्रशिक्षण र संस्थागत क्षमता अभिवृद्धिमा लगानी गर्ने ।

### ९. आप्रवासी, विस्थापित र गतिहीन जनसंख्याका लागि आधारभूत सेवाहरूमा पहुँच सुनिश्चित गर्ने

- जलवायु गतिशीलताबाट प्रभावित सबै जनसंख्या, विस्थापित, बसाइँ सरेका र गतिहीन जनसंख्या वा समूहहरूका लागि स्वास्थ्यसेवा, शिक्षा, आवास, स्वच्छ पिउने पानी, सरसफाइ र कानुनी सहायता जस्ता आवश्यक सेवाहरूमा समान र गैर-भेदभावपूर्ण पहुँचको सुनिश्चित गर्ने ।
- शहर-ग्रामीण सम्बन्ध र सेवाबाट वञ्चित समुदायहरूमा ध्यान केन्द्रित गर्दै, गतिशील र गतिहीन जनसंख्याका आवश्यकताहरु पूरा गर्न उत्पत्ति स्थान (थात्थलो) र गन्तव्य दुवै क्षेत्रमा संस्थागत तथा सेवा वितरण प्रणालीहरूलाई बलियो बनाउने ।
- आप्रवासी, विस्थापित र गतिहीन जनसंख्याका स्वदेसमै/घरमै रहेका "आाश्रित" परिवारहरूको आत्मनिर्भरता बढाउन, जोखिम कम गर्न र आवश्यक सेवाहरूमा दिगो पहुँच सुनिश्चित गर्न लक्षित आय उत्पादन कार्यक्रमहरु प्रारम्भ गर्ने ।
- प्रभावित व्यक्तिहरूको लागि सार्वजनिक सेवाहरु, सामाजिक सुरक्षा र नागरिक सहभागितामा पहुँच मार्फत समावेशी दर्ता, कागजात र कानुनी पहिचान प्रणालीहरूको प्रवर्द्धन गर्ने।
- पर्याप्त चिकित्सा सेवाहरु, निवारक हेरचाह, र व्यावसायिक स्वास्थ्य सुरक्षाहरूमा पहुँच मार्फत आप्रवासी कामदारहरु र फर्केका आप्रवासीहरूका लागि जलवायु र ताप तनाव-जनित दीर्घकालीन रोगहरूको न्यूनीकरण गर्ने ।
- जलवायुसगँ सम्बन्धित गतिशीलताबाट प्रभावित महिला, बालबालिका, वृद्धवृद्धा, अपाङ्गता भएका व्यक्तिहरु र अन्य सीमान्तकृत समूहहरूको विशेष आवश्यकताहरूको सुनिश्चित गर्ने ।

### १०. जलवायु गतिशीलता सम्बन्धी अन्तरसरकारी र बहुसरोकारवालाबीचको संवादलाई प्रवद्धन गर्ने

- जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसंघको रूपरेखा सम्मेलन, विपद् जोखिम न्यूनीकरण सम्बन्धी सेन्डाई रूपरेखा र सुरक्षित, व्यवस्थित र नियमित आप्रवासनको लागि विश्वव्यापी सम्झौता लगायतका विश्वव्यापी मञ्चहरु र प्रक्रियाहरूमा जलवायु गतिशीलता बारे राष्ट्रिय वकालत र चासोहरूको समर्थन गर्ने ।
- क्षेत्रीय स्तरमा अन्तरसरकारी सहयोग र ज्ञान साझेदारी गरी जलवायु गतिशीलता शुशासनको प्रगतिशील विकासमा योगदान पुर्याउने ।

## अबको बाटो

### हामी सबै सरोकारवालाहरूलाई निम्नानुसार आह्वान गर्दछौं:

- जलवायु गतिशीलतालाई सम्बोधन गर्ने राष्ट्रिय मार्गचित्र मार्फत ठोस कार्यहरु र संयुक्त पहलहरूको थप विकास गरी यस घोषणालाई समर्थन र कार्यान्वयन गर्ने ।
- नियमित रूपमा प्रगतिको समीक्षा गरी उदीयमान चुनौतीहरु र प्रमाणहरूको आधारमा रणनीतिहरु अनुकूलन गर्ने । र, कार्यान्वयनमा उत्तम अभ्यासहरू र अवरोधहरू दुवैलाई उजागर गर्ने ।
- सबैका लागि उत्थानशील, समावेशी र दिगो भविष्यको लागि साझा दृष्टिकोण अबलम्वन गरी जलवायु गतिशीलता सम्बन्धी कार्ययोजनामा डायस्पोरालाई समेत जोड्ने र विश्वव्यापी, क्षेत्रीय, राष्ट्रिय र स्थानीय साझेदारीलाई सुदृढ गर्ने ।